# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बडाचौर, रोल्पा
### लुम्बिनी प्रदेश, नेपाल

## २०८३/०८४ को दोश्रो गाउँकार्यपालिका बैठकका संक्षिप्त निर्णयहरु:
### (मिति २०८३/०५/१९)

| निर्णय नं. | निर्णयको विषय | निर्णयको ब्यहोरा |
|---|---|---|
| १. | **श्रद्धाञ्जली अर्पण गर्ने सम्बन्धमा।** | मिति २०८३/०४/२८ गते राती बर्षा सँगै परेको चट्याङ्को कारणबाट मृत्यूवरण गर्नुभएका लुङ्ग्री गाउँपालिका वडा नं. १ निवासी स्व. विर बहादुर खत्री, मिति २०८३/०४/३० गते राती परेको पहिरोमा परी आफ्नो ज्यान गुमाउनु भएकी लुङ्ग्री गाउँपालिका वडा नं. ५ निवासी स्व. अम्मि गुरुङ लगायत मिति २०८३/०५/१० गते आएको भोटेकोशी बाढीमा परी आफ्नो अमुल्य जीवन गुमाउनु हुने सम्पूर्ण मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना अर्पण गर्ने। साथै भोटेकोशी बाढीमा परी घाइते हुनुभएका नागरिकको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उक्त बाढीमा परी हालसम्म वेपत्ता हुनुभएका सम्पूर्ण नागरिक, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, विदेशी तथा स्वदेशी पर्यटक लगायतको सकुशल खोज उद्धारको कामना गर्ने। |
| २. | **लुङ्ग्री गाउँपालिकामा आएको पहिरोको कारण भएको क्षतीको प्रारम्भिक विवरण संकलन सम्बन्धमा।** | लुङ्ग्री गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३/०५/०४ गतेको निर्णय बमोजिम गठित प्रारम्भिक लागत संकलन उपसमितिले आफ्नो प्रतिवेदन पेश गरेको छ। उक्त प्रतिवेदनलाई कार्यपालिकाले स्विकार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस साथ अनुरोध गर्ने। |
| ३. | **लुङ्ग्री गाउँपालिकामा आएको तथा भोटेकोशी बाढीबाट भएको क्षतिको मध्यनजर गर्दै खोज, उद्धार र राहतका लागि कोषमा रकम जम्मा गर्ने सम्बन्धमा** | लुङ्ग्री गाउँपालिका मिति २०८३/०४/३० गते आएको पहिरो तथा मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको बाढीको कारण विस्थापित नागरिकहरुको राहत, पुनर्स्थापना र पुनःनिर्माण कार्यमा हातेमालो गर्ने लुङ्ग्री गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुको १५ (पन्ध्र) दिन बराबरको सेवासुविधा र नेपाल सरकार सचिव बैठकको मिति २०८३/०५/११ को निर्णय अनुसारको रकम गाउँपालिकाका कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिकबाट कट्टी गरी सो को ७०% रकम लुङ्ग्री गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष खातामा र ३०% रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने। |

अनिल रिजाल
कार्यपालिका सचिव

**द्रष्टव्य: निर्णयको पूर्ण पाठ तथा सम्बन्धित विस्तृत विवरण गाउँ कार्यपालिकाबाट प्राप्त गर्न सकिनेछ।*